वैठक संख्या-१०　　　　　　　　　　मिति-२०७१।०७।२२

आज मिति २०७१।०७।२२ गते धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी गरिएको निर्णयलाई यसै प्राइ-युरमा टाँस गरि प्रमाणित गरिएको छ।

उपस्थिति:

श्री टीकादत्त राई - कार्यकारी अधिकृत - धरान नपा

नेपाल सरकार र एसियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगसमेतमा यस नगरपालिकामा सञ्चालन हुने एकीकृत सहरी विकास आयोजना अन्तर्गतको धरान खानेपानी आयोजनाको लागि नगर विकास कोषसँग गरिने ऋण सम्झौताको सम्बन्धमा नगर विकास कोषको मिति २०७१।०७।२०, च.नं.४१८ को प्राप्त पत्रको सन्दर्भमा देहाय बमोजिमका विषयहरुमा निम्नअनुसार गर्ने र अन्य विषयहरुमा पछि आवश्यकता अनुसार अन्तिम सम्झौता हुनुभन्दा अघि गरिसक्ने निर्णय गरियो ।

***निर्णय नं. १: आयोजनाको लागि ऋण स्वीकार गर्ने सम्बन्धमा ।***

नेपाल सरकार र एसियाली बिकास बैकबीच सम्पन्न ऋण सम्झौता, नगर विकास कोष र धरान, नेपालगंज, सिध्दार्थनगर एवं जनकपुर नगरपालिका तथा एसियाली बिकास बैकबीचमा भएको आयोजना सम्झौता (Project Agreement) तथा नेपाल सरकार र नगर विकास कोषबीचमा भएको सहायक ऋण सम्झौता (Subsidiary Loan Agreement) का आधारमा एकीकृत सहरी विकास आयोजना अन्तर्गत यस नगरपालिकामा प्रस्तावित Water Supply Sub-project निर्माण तथा सुधारको लागि निर्माण लागतको ५० प्रतिशत् रकम नेपाल सरकारले अनुदान स्वरुप उपलब्ध गराउने, १५ प्रतिशत् रकम नगरपालिकाले आफ्नो श्रोत एवं आयोजना क्षेत्रका सम्बन्धित उपभोक्ताहरुबाट समेत लागत सहभागिता जुटाई व्यहोर्ने र ३५ प्रतिशत् रकम नगर विकास कोषले नगरपालिकालाई ऋणको रुपमा उपलब्ध गराउने व्यवस्था भए बमोजिम, यस नगरपालिकामा निर्माण एवं संचालन हुन प्रस्तावित धरान खानेपानी आयोजना (Dharan Water Supply Project) निर्माण/सुधारको लागि आयोजनाको बिस्तृत डिजाईन गर्न नियुक्त परामर्शदाताबाट पेश भएको बिस्तृत आयोजना प्रतिवेदन अनुसारको कूल अनुमानित (हालको लागत अनुमान) लागत रु.१,६५,४६,५०,७६१।९० (रुपैयाँ एक अर्ब पैसठ्ठी करोड छयालीस लाख पचास हजार सातसय एकसठ्ठी र पैसा नब्बे मात्र) को ३५ प्रतिशत् बराबरले हुने रकम रु ५७,९१,२७,७६७= (अक्षरमा रुपैयाँ सन्ताउन्न करोड एकानब्बे लाख सत्ताईस हजार सातसय सतसठ्ठी मात्र) बार्षिक ५ प्रतिशत् ब्याजदरमा ५ बर्षको सहुलियत अवधिसहित २० बर्षभित्र तिर्ने गरी नगर बिकास कोषबाट ऋण लिने निर्णय गरियो । यथार्थ ऋण रकम उक्त आयोजनाको निर्माणको लागि हुने ठेक्का रकम (Contract Amount) भन्दा कम भएमा सोही रकमको ३५ प्रतिशत्ले हुने रकम मात्र उक्त कोषसँग ऋण स्वीकार गरी उपलब्ध गराइदिन कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

***निर्णय नं २: परामर्शदाताबाट पेश भएको बिस्तृत आयोजना प्रतिवेदन (Detail Project Report) अनुमोदन एवं ग्रहण गर्ने सम्बन्धमा ।***

निर्णय नं. १ मा प्रस्तावित आयोजनाको विस्तृत डिजाईनको लागि नियुक्त परामर्शदाता श्री बिल्डिङ डिजाइन अथोरिटी प्रा.लि., काठमाडौं (Building Design Authority Pvt. Ltd. Kathmandu) ले यस नगरपालिका समक्ष पेश गरेको प्रतिवेदन नगर विकास कोषमा मूल्याकंनका लागि पेश गरिएकोमा कोषबाट दिइएका सुझावहरु समेतलाई समावेश गरी उक्त संशोधित प्रतिवेदन स्वीकृत गरियो । साथै नगर बिकास कोषका तर्फबाट दिइएका सुझावहरुलाई निर्माण व्यवसायी (Contractor) सँग गरिने सम्झौताका समयमा तथा आयोजनाको निर्माण चरणमा प्राविधिक दृष्टिकोण तथा आयोजनास्थलको माग अनुसार लागु गर्न सहमती गर्ने निर्णय गरियो ।

*निर्णय नं ३: आयोजनाबाट निर्मित संरचनाको संचालन /मर्मत तथा संभार खर्च र ऋणको सावां ब्याज भुक्तानीका लागि तथा आयोजना निर्माणमा सहभागिता गराउन उपभोक्ताबाट उठाउने महशुल तथा जडान शुल्क सम्बन्धमा ।*

नगरपालिकाको लागि परामर्शदाताले तयार गरी प्राप्त हुन आएको व्यवसायिक योजना (Business Plan) एवं Financial Viability Report मा प्रस्तावित संरचनाको संचालन / मर्मत तथा संभार खर्च र ऋणको साँवाब्याज भुक्तानीको लागि उपभोक्ताबाट उठाउनु पर्ने रकमका बारेमा यस क्षेत्रका राजनीतिक दल, हाल संविधान सभामा प्रतिनिधित्व गर्ने यस क्षेत्रका सभासदहरु, टोल विकास संस्थाका प्रतिनिधि एवं स्थानीयस्तरमा रहेका राजनीतिक दलका स्थानीय समितिहरुबाट आवश्यक छलफल एवं सहमती सहित उठाउने र उक्त आयोजनाको निर्माण पश्चात् संचालन गर्ने धरान खानेपानी व्यवस्थापन बोर्डलाई निम्नानुसारको दरमा उठाउन  प्रस्ताव गरी सोही अनुसार महशुल लागु गराउने निर्णय गरियो ।

पानी महशुल

| पानी खपत | न्यून आय भएका परिवार | सामुहीक धारा | औषत तथा वढी आय भएका धरधुरी | .व्यापारिक तथा कार्यालय संघ संस्था |
|---|---|---|---|---|
| ० देखि ८ हजार लिटर (प्रतिहजार) | २० | ११ | २८ | ५६ |
| ९ हजार देखि १७ हजार लिटर सम्म (प्रतिहजार) | ३० | १७ | ४२ | ८४ |
| १७ हजार लिटर भन्दा वढी (प्रतिहजार) | ४५ | २५ | ६३ | १२६ |
| *२०१६ मा हुने धारा संख्या* | ४९६५ | ५७६ | १८१०८ | ३३७ |
| | | | | **जम्मा २३९८६** |

एपर्युक्त पानी महशुल प्रति ३ वर्षमा १०% का दरले बृद्धि गर्दै लगिने छ। साथै आयोजनाको लागि निर्माण व्यवसायीसँग निर्माण सम्भौता हुनु पूर्व उपर्युक्त पानी महशुल र खानेपानी बोर्डले संचालन गर्दाको पहिलो महिनामा नै सोही दर अनुसार महशुल कायम गर्ने"।

**निर्णय नं. ४: ESCROW Account सम्बन्धमा**

नगर विकास कोषको ऋण सुरक्षण विधिका रुपमा प्रस्तावित ESCROW Account संचालन सम्बन्धमा नेपाल सरकार र नगर विकास कोषबीचमा भएको सहायक ऋण सम्भौता (Subsidiary Loan Agreement) एवं आयोजना समन्वय कार्यालय, कोष र यस नगरपालिकाबीच सम्पन्न त्रिपक्षीय सम्भौता तथा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुको सहमती समेतका आधारमा कोषलाई तिर्नुपर्ने ऋणको साँवा ब्याज रकम अनुसार हुने गरी उपभोक्ता संस्थाको आम्दानी, नगरपालिकाले नेपाल सरकारबाट प्राप्त गर्ने अनुदान एवं नगरपालिकाको आन्तरिक श्रोतमा उक्त ESCROW Account लागु गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सहमती दिने निर्णय गरियो ।

*निर्णय नं ५: त्रिपक्षीय सम्भौता गर्ने तथा अख्तियारी सम्बन्धमा ।*

एकीकृत सहरी बिकास आयोजना अन्तर्गत यस नगरपालिकामा धरान खानेपानी आयोजना (Dharan Water Supply Project) क्षेत्रमा निर्माण / सुधारको लागि आयोजना समन्वय कार्यालय, नगर विकास कोष र धरान नगरपालिकाबीच हुने  त्रिपक्षीय सम्भौताको प्रस्तावित मस्यौदा उपर अध्ययन एवं छलफल गरी अनुमोदन गरियो ।

साथै परियोजना निर्माण एवं संचालनका लागि आयोजना समन्वय कार्यालय, नगर विकास कोष र यस नगरपालिकाबीच गरिने त्रिपक्षीय सम्भौता एवं कोष र नगरपालिकाबीच हुने ऋण सम्भौतामा हस्ताक्षर गर्न यस नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राईलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.८ खानेपानी संस्थानको सम्पत्ति तथा दायित्व हस्तान्तरण सम्बन्धमा ।**

नेपाल सरकार तथा एसियाली विकास बैंकको अनुदान तथा ऋण सहयोग समेतमा एकीकृत सहरी विकास आयोजना अन्तर्गत यस नगरपालिकामा धरान खानेपानी आयोजना सञ्चालनको प्रकृयामा रहेको र धरान खानेपानी व्यवस्थापन बोर्ड गठन समेत भइसकेकोले नेपाल खानेपानी संस्थान, धरान शाखाको सम्पत्ति तथा दायित्व उक्त बोर्डलाई हस्तान्तरणको प्रकृया अघि बढाउन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ बोलपत्र सम्बन्धी कागजातको स्वीकृति तथा बोलपत्र आह्वान सम्बन्धमा ।**

नेपाल सरकार र एसियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा एकीकृत सहरी विकास आयोजना सञ्चालनको सन्दर्भमा आयोजनाको भौतिक निर्माणको कामगर्ने निर्माण व्यवसायी छनौट गर्नको लागि Design and Supervision Consultant बाट तयार भई एसियाली विकास बैंकबाट स्वीकृत गर्ने सहमति प्राप्त भइसकेको बोलपत्र सम्बन्धी कागजात स्वीकृत गरी अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको सूचना (IFB) प्रकाशित गर्ने निर्णय गरियो ।

आजको बैठक समाप्त गरियो ।